इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमति प्रदेश, नेपाल

आज मिति २०८०/०८/२७ गते बुधबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिति:**

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थिति:

१. उद्गम तिमिल्सिना, लेखा अधिकृत
२. बासु पण्डित, प्रशासन शाखा प्रमुख
३. तेजकुमार धमला, अधिकृत छैठौं

# कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या:३१
अध्यक्षता: श्री दान बहादुर गुरुङ
बैठक मिति: २०८०।०८।२७
बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समय: विहान ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २००।०८।२७ | ११:०० बजे | कार्यालयलाई परेको मुद्दाको प्रतिरक्षा गर्न कार्यालय र कार्यालयका पदाधिकारीहरुको तर्फबाट अदालतमा उपस्थित हुन प्रतिनिधि खटाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा। | भौतिक पूर्वाधार शाखा | १ |

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बाग्मति प्रदेश, नेपाल

गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

पूर्व बैठकको समीक्षा

मिति २०८०।०८।१२ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

३१ औं कार्यपालिका बैठकको निर्णयहरु:

निर्णय नं. १

यस कार्यालय र कार्यालयका पदाधिकारी विरुद्ध चितवन जिल्ला इच्छाकामना गाउँपालिका वडा नं.३ डि.बी. घिमिरे कन्स्ट्रक्सनको तर्फबाट पेश भएको रिट निवेदनका सम्बन्धमा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट जारी भएको सूचना म्याद रिट निवेदन नं. ०८०-WO-००३९ (रिट) र चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ११ अन्जना निर्माण सेवाको तर्फबाट पेश भएको रिट निवेदनका सम्बन्धमा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट जारी भएको सूचना म्याद रिट निवेदन नं. ०८०-WO-००३८ (रिट) को सम्बन्धमा अदालतमा उपस्थित हुने, कानून व्यवसायी नियुक्त गरी प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने लगाएतका सम्पूर्ण कार्य गर्न यस कार्यालय र कार्यालयका पदाधिकारीहरुको तर्फबाट पाल्पा जिल्ला, रिब्दीकोट गाउँपालिका वडा नं. ८ (साविक फेक-७, पाल्पा), बर्ष २७ का हाल यस गाउँ कार्यपालिकाको कार्यालयका इन्जिनियर (अधिकृतस्तर सातौं) श्री कमल राउतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

जगत प्रसाद भुसाल
प्रमूख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष